# बोलपत्रद्वारा काठ/दाउरा कटान मुछान तथा घाटगद्दी सम्बन्धी सूचना

प्रथम पटक सुचना प्रकाशन मितिः २०८२/१२/०८

यस सामुदायिक वन उपभोक्ता समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/८३ मा पुनरुत्पादन कटान र ढलापडा गरी १२६ गोटा असना, खयर, धौटी लगायतका रुखहरु नियमानुसार छपान भई ४७९८.०४ क्यू फिट काठ र ८.८८ चट्टा दाउरा (कटान पश्चात घटबढ हुन सक्ने) मुल्यांकन भएकोमा उल्लेखित परिमाण घटाघटमा कटान मुछान र घाटगद्दी गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम मुल्य अधिबृद्धि करमा दर्ता भई नविकरण भएका र डिभिजन वन कार्यालयमा सुचिकृत भएका ईच्छुक काष्ठ व्यवसायी, व्यक्ती, संघसंस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१औं दिनभित्र बोलपत्र खरिद गरी २२औं दिनमा अपरान्ह १२:०० बजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत सुचना यस समुहको कार्यालयको सुचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई अनुरोध छ ।

## श्री वनशक्ती सामुदायिक वन उपभोक्ता समुह

राप्ती सोनारी-२, राजपुर, बाँके

## सम्पादकीय

# स्वास्थ्य सेवामा आमूल सुधारको खाँचो

लुम्बिनी प्रादेशिक अस्पतालको विस्तार, सेवा विविधिकरण र अत्याधुनिक प्रविधिको प्रयोगले लुम्बिनी प्रदेशलाई स्वास्थ्य सेवाको दृष्टिले नयाँ उचाइतर्फ डोऱ्याएको छ। तर, यहाँ स्वास्थ्य सेवा प्रवाहका लागि धेरै सुधारको खाँचो छ। आम मानिसका गुनासा कम होइन, दिनहुँ बढिरहेको अवस्था छ। दैनिक हजारौं बिरामीको उपचार, एमआरआई जस्ता अत्याधुनिक सेवाको सुरुवात र १२०० शैयाको अस्पताल निर्माण जस्ता पहलहरूले राज्यको स्वास्थ्य क्षेत्रमा लगानी बढेको स्पष्ट सङ्केत दिएको छ तर सेवा प्रवाहको हालत उहीँ हो कि भन्ने चिन्ता सँगसँगै छ। यस्ता उपलब्धिहरूको बिचमा देखिएका चुनौतीहरूले स्वास्थ्य प्रणालीको गहिरो सुधारको आवश्यकता देखाएको छ।

सेवा विस्तारसँगै गुणस्तर र पहुँचबिचको सन्तुलन अझै कमजोर छ। बिरामीको चाप बढ्दो छ तर सेवा छरितोपन र व्यवस्थापनमा सुधार आवश्यक देखिन्छ। स्वास्थ्यकर्मीदेखि कर्मचारीतन्त्रसम्मका रवाफ र शैली एकदमै झर्को लाउने र दिक्क लाउने खालका छन्। गुनासोको संख्या घट्न नसक्नुले केवल पुर्वाधार प्रशस्त छैन भन्ने सन्देश दिएपनि सम्बन्धित निकायको चासो जाने छाँटकाँट छैन। त्यसैले सेवा व्यवस्थापन, डिजिटल प्रणाली र उत्तरदायित्वलाई केन्द्रमा राखेर सुधार अघि बढाउनेतर्फ जिम्मेवार निकायको ध्यान जाओस्।

रोकथाममुखी स्वास्थ्य प्रणाली अझै प्राथमिकतामा पर्न सकेको छैन। डेंगी, स्क्रब टाइफसजस्ता संक्रामक रोग दोहोरिनु र मुटु, मधुमेह, क्यान्सरजस्ता नसर्ने रोगको वृद्धि हुनु राज्यको दीर्घकालीन स्वास्थ्य रणनीति कमजोर रहेको सङ्केत हो। हुन त यो यहाँको एक्लो प्रयासले सुधार आउन सम्भव छैन, तर डायलासिसका लागि गर्नुपरेका हारगुहारले भने सुधारको सुरुआत यहीँ क्षेत्रबाट जरुरी छ भन्ने देखाउँछ। स्वास्थ्य शिक्षा, प्रारम्भिक परीक्षण र समुदायस्तरको सचेतना अभिवृद्धि नगरी अस्पताल विस्तार मात्र प्रशस्त हुँदैन भनेर राज्यका निकायले बेलैमा बुझ्न जरुरी छ।

यसका साथै स्वास्थ्य बिमा, जनशक्ति व्यवस्थापन र निजी क्षेत्र नियमनमा देखिएका कमजोरीहरू तत्काल सम्बोधन गर्नुपर्ने विषय हुन्। प्रभावकारी बिमा प्रणाली बिना नागरिकको आर्थिक भार घट्दैन र दक्ष जनशक्ति बिना सेवा गुणस्तर सुनिश्चित हुन सक्दैन। निजी अस्पतालको पारदर्शिता र उत्तरदायित्व पनि समान रूपमा महत्वपूर्ण छ। पूर्वाधार निर्माणसँगै प्रणाली सुधार, जनशक्ति विकास र रोकथाममुखी दृष्टिकोणलाई समान प्राथमिकता दिनु अनिवार्य छ। स्वास्थ्य क्षेत्रमा देखिएको यो संक्रमणकालीन अवस्था अवसर पनि हो-यदि सही नीतिगत हस्तक्षेप गरियो भने लुम्बिनी प्रदेश मात्र होइन, समग्र नेपालकै स्वास्थ्य प्रणालीका लागि नमुना बन्न सक्छ। स्वास्थ्य सेवामा आमूल परिवर्तनको खाँचो छ।

# नेपालको आर्थिक अवस्था र सुधारका पक्ष



टेकराज पन्थी

सुशासन र पारदर्शिताका लागि नयाँ प्रतिनिधि सभा सदस्यका लागि गत फागुन २१ गते देशभर छिटफुट घटनाबाहेक शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएको छ। मतदाताहरू पनि खुसी अनुहारका साथ मतदानमा भाग लिएको देखियो। प्रतिनिधि सभाका कुल १६५ सदस्यका लागि विभिन्न ६८ दलका ३४०६ जना उम्मेदवारहरू प्रतिस्पर्धामा रहेका छन्। सोबाहेक कुल ११० जना समानुपातिक सदस्यका लागि पनि दलहरूले प्राप्त गर्ने मतसंख्याका आधारमा चयन गर्ने व्यवस्था रहेको छ। निर्वाचन आयोगले फागुन २५ सम्म सवै नतिजा दिन सक्ने आकलन गरेको छ। विसं. २०८२ साल भाद्र २३ र २४ गतेको जेन्जी आन्दोलनबाट प्रतिनिधिसभा विघटन गरी नयाँ प्रतिनिधिसभा सदस्यका लागि निर्वाचन गरिएको हो। विभिन्न दलहरूबाट जनतालाई अनेक प्रकारका आश्वासन दिए पनि नेपालको विद्यमान आर्थिक अवस्था नियाल्दा सबै विषय एकैपटक पूरा गर्न कठिन हुने अवस्था रहेको छ।

अहिले चलिरहेको मध्यपूर्वी देशहरूमा चर्किएको भयानक युद्धले नेपाललाई ठुलै असर पार्ने देखिएको छ। २०८२ फागुन १६ गते तदनुसार सन् २८ फरवरी २०२६ को बिहान इजरायली र संयुक्त राज्य अमेरिकाको क्षेप्यास्त्रहरूले इरानको राजधानी तेहरानमा प्रहार गरी युद्धको शुरूवात भएको केही घण्टाभित्रै विश्वले आर्थिक सुनामीको सामना गर्नु पर्ने संकेत देखिन थालेको छ। इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनीसहित उच्च पदस्थ ब्यक्तिहरूको मृत्यु र त्यसपछि इरानी क्रान्तिकारी गार्डले विश्वकै सबैभन्दा महत्वपूर्ण जलमार्ग स्ट्रेट अफ हर्मुजमा लगाएको अनिश्चितकालीन नाकाबन्दीले विश्व अर्थतन्त्रलाई नै प्रभाव पार्ने देखिन्छ।

साउदी अरब, इराक, यूएई र कुवेत जस्ता ठुला तेल उत्पादक राष्ट्रहरूका लागि यो निकास र निर्यात मार्ग हो। इरानले यस जलमार्गमा सिमाइन र एन्टिसिप नामक क्षेप्यास्त्रहरू तैनाथ गरेपछि विश्वका ठुला सिपिङ कम्पनीहरूले आफ्ना ट्याङ्करहरू रोकेका छन्। यदि यो जलमार्ग केहि दिन बन्द रहेमा विश्व बजारमा तेलको मूल्यमा हुने वृद्धिले केवल महँगी मात्र होइन, धेरै देशमा भोकमरी र राजनीतिक अस्थिरता समेत निम्त्याउने निश्चित छ। नेपाल पनि यसबाट अछुतो रहन सक्दैन। इरानले यो नाकाबन्दी अर्को लामो समयसम्म कायम राख्यो भने गोल्डम्यान स्याक्स र जेपी मोर्गनजस्ता बहुराष्ट्रिय बैङ्कहरूले तेलको मूल्य १५० देखि १८० डलरसम्म पुग्ने प्रक्षेपण गरेका छन्। यो वृद्धिले विश्वभरका यातायात, हवाई सेवा र उत्पादन लागतलाई यति महँगो बनाउनेछ कि साधारण नागरिकका लागि जीवनयापन निकै मुस्किल बन्ने देखिन्छ।

*नेपालको जीडीपीमा करिब २७ प्रतिशत योगदान रेमिट्यान्सले पुऱ्याउँछ। रेमिट्यान्सको झन्डै ५२ प्रतिशत हिस्सा मध्यपूर्वका १० वटा देशहरूबाट आउँछ। हाल साउदी अरब, कतार, यूएई, कुवेत, बहराइन र ओमानमा गरी करिब २० लाख नेपाली कार्यरत रहेको पाइन्छ। यो युद्धको अवस्था बढ्दै गएमा नेपाललाई पनि ठुलो आर्थिक धक्का दिने देखिन्छ। अन्तर्राष्ट्रिय बजारमा तेलको भाउ ८० डलर नाघेकाले नेपालमा पेट्रोल र डिजेलको मूल्यमा वृद्धि तत्कालै हुन सक्छ। इन्धन वृद्धिका कारण बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य आकासिने देखिन्छ। मध्यपूर्व देशमा भएको डरलाग्दो युद्धका कारण नेपालबाट दोहा, दुबई, इस्तानबुल ट्रान्जिट भएर बाहिरी देशमा श्रम गर्न जाने नेपाली र युरोप तथा अमेरिकाबाट दोहा, दुबई, इस्तानबुल ट्रान्जिट भएर नेपालमा आउने पर्यटकहरूका लागि पनि ठुलो असर पार्ने भएको छ।*

नेपालको जीडीपीमा करिब २७ प्रतिशत योगदान रेमिट्यान्सले पुऱ्याउँछ। रेमिट्यान्सको झन्डै ५२ प्रतिशत हिस्सा मध्यपूर्वका १० वटा देशहरूबाट आउँछ। हाल साउदी अरब, कतार, यूएई, कुवेत, बहराइन र ओमानमा गरी करिब २० लाख नेपाली कार्यरत रहेको पाइन्छ। यो युद्धको अवस्था बढ्दै गएमा नेपाललाई पनि ठुलो आर्थिक धक्का दिने देखिन्छ। अन्तर्राष्ट्रिय बजारमा तेलको भाउ ८० डलर नाघेकाले नेपालमा पेट्रोल र डिजेलको मूल्यमा वृद्धि तत्कालै हुन सक्छ। इन्धन वृद्धिका कारण बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य आकासिने देखिन्छ। मध्यपूर्व देशमा भएको डरलाग्दो युद्धका कारण नेपालबाट दोहा, दुबई, इस्तानबुल ट्रान्जिट भएर बाहिरी देशमा श्रम गर्न जाने नेपाली र युरोप तथा अमेरिकाबाट दोहा, दुबई, इस्तानबुल ट्रान्जिट भएर नेपालमा आउने पर्यटकहरूका लागि पनि ठुलो असर पार्ने भएको छ।

२०८२ साल फागुन १५ गतेसम्म नेपालको कुल सार्वजनिक ऋण २८ खर्ब ५८ अर्ब ९७ करोड रूपैयाँ पुगेको सरकारी तथ्याङ्कले बताउँछ। कुल ग्राहस्थ उत्पादनका आधारमा सार्वजनिक ऋण ४६.८१ प्रतिशतभन्दा बढी हुन्छ। जसमा आन्तरिक ऋण रू.१३ खर्ब ४९ अर्ब १३ करोड छ भने बाह्य ऋण रू.१५ खर्ब ९ अर्ब ८४ करोड रहेको छ। साढे छ वर्षमा सार्वजनिक ऋण दोब्बर भएको छ। हाल नेपाली मुद्रा कमजोर हुँदा सार्वजनिक ऋणमा ९२ अर्ब ९६ करोड अतिरिक्त भार थपिएको छ। आन्तरिक आम्दानीले चालूखर्च धान्न सक्ने हुनु पर्दछ र वैदेशिक अनुदान र सार्वजनिक ऋण केवल पुँजी निर्माण विकास खर्चमा प्रयोग गर्ने व्यवस्था गर्न सक्नु पर्दछ। यसो हुन सकेन भने भावी पुस्तालाई ठुलो असर पर्नेछ।

पुँजी वृद्धि हुने आयोजना छनोट र लगानीको प्रतिफलबाट ऋण तिर्न सक्ने भएमा ऋण जति लिए पनि असर हुँदैन। ऋण लिएर निर्माण गरेका पुर्वाधारहरू प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन्। सरकारले ऋणको ब्याज मात्र तिर्नका लागि वार्षिक करिब रू.४०० अर्ब भन्दा बढी बुझाउनुपर्दछ। अहिले ऋणको सीमा बढेको छ। जुनसुकै दल संसद्मा गएपनि यसलाई घटाउन सक्ने अवस्था देखिँदैन। प्रदेशमा वार्षिक करिब रू.३०० अर्ब भन्दा बढी खर्च भएको छ। यसैगरी आवश्यकताभन्दा पनि जुन उमेरका कारणबाट नागरिकलाई सामाजिक सुरक्षा भत्ता दिइँदै आएको छ। आवश्यकताभन्दा भोट बैंकका रूपमा सामाजिक सुरक्षा भत्ता वितरण भएको चर्चा धेरै छ। सम्पन्नशाली व्यक्तिलाई पनि सामाजिक सुरक्षाभत्ता दिइन्छ। यसमा पनि छलफल हुनु जरूरी छ। वार्षिक सामाजिक सुरक्षा भत्तामा पनि करिब रू.३०० अर्ब खर्च हुन्छ। यसरी कर्मचारीको तलब भत्ता र स्थानीय तहलाई दिने रकमबाहेक करिब रू.१० खर्ब रूपैयाँ हटाउन घटाउन नसक्ने गरी खर्च भइरहेको छ। स्थानीय तहमा करिब रू. १०९ अर्ब वित्तिय हस्तान्तरणबाट रकम खर्च हुन्छ। कर्मचारीको तलब भत्तालगायतको चालू खर्चमा करिब रू.४०० अर्ब खर्च हुन्छ। नेपालको आन्तरिक आम्दानी राजश्वको अवस्था १२ खर्ब जति यस्तै यस्तै छ। अब विकासका पुर्वाधार सडक, स्वास्थ्य, शिक्षा, खानेपानी जस्तामा बजेटको १५ प्रतिशत रकम पनि छुट्याउन अप्ठ्यारो छ। सबै सार्वजनिक ऋणमा भरपर्नु पर्ने अवस्था देखिन्छ। यसरी बढ्दो सार्वजनिक खर्च, वैदेशिक अनुदान घट्दै जानु, अपेक्षित राजश्व परिचालन नहुनु, अनावश्यक प्रशासनिक संरचना हुनु र सुधारका पक्षतर्फ ध्यान नदिनु जस्ता कारणबाट सार्वजनिक ऋण क्रमश उकालो लागेको छ।

सार्वजनिक ऋणको उचित सदुपयोग नगर्ने हो भने नेपाल ऋणको जालोमा फस्न बेर लाग्दैन। आयोजनाको लागत लाभ विश्लेषण गरेर समयमा नै कार्यान्वयन हुनुपर्ने, नेपालको मन्त्रालय, प्रदेश, स्थानीय तह र संवैधानिक संरचनामा सुधार र परिमार्जन, कर्मचारी तथा संसदीय सदस्य संख्यामा परिमार्जन र सुधार गरेर आन्तरिक आम्दानीले धान्न सक्ने गरी ब्यवस्था हुनु जरूरी छ। केही दिनमा प्रतिनिधि सभाका नयाँ सदस्यहरू निर्वाचित हुने र नयाँ सरकारसमेत बन्ने भएकोले नेपालको सार्वजनिक ऋण र यसको प्रयोग सन्दर्भमा नयाँ धारणा आउने नै छ। आर्थिक सामाजिक रुपान्तरणका लागि सार्वजनिक ऋणको उचित सदुपयोग लागि प्रतिनिधि सभामा गम्भीर छलफल र अब बन्ने सरकारले विशेष ध्यान दिन सकोस् सफलताको शुभकामना छ।

# इद उल फित्र मनाइयो



नेपालगञ्ज, चैत ७। मुशिलम धर्मावलम्बीहरूले शनिबार बाँकेको नेपालगञ्जमा इद उल फित्र पर्व धुमधामका साथ मनाएका छन्। शुक्रबारदेखि निरन्तर परेको वर्षामा पनि खुला स्थानमा कोही छाता ओढेर, कोही पानीमा भिजेर मुस्लिम धर्मावलम्बीले नेपालगञ्जको बिपीचोकस्थित इदगाहमा इद उल फित्र मनाएका हुन्। यस वर्ष पर्वको अघिल्लो दिनदेखि वर्षा भइरहेकाले अघिल्ला वर्षको जस्तै सडकसहित खुला स्थानमा घुइँचो नभए पनि मस्जिदमा मुशिलम धर्मावलम्बीको घुइँचो लागेको थियो। इदगाहको भित्रपट्टीको खुला स्थानमा केहीले छाता ओढेर र केहीले पानीमा भिजेर नमाज पाठ गरेका थिए।

अरबी पात्रो हिजरी संवत्अनुसार नवौँ महिनामा निराहार व्रत गरेका मुस्लिम समुदायले नमाज पाठ गरी ठूलाबडाबाट आशीर्वाद लिएर शनिबार इद उल फित्र पर्व मनाउने चलन छ। यस अवसरमा नमाज पढेपछि खुसी साटासाट गर्दै बाँके क्षेत्र नं २ का प्रतिनिधिसभाका नवनिर्वाचित सदस्य मोहम्मद इस्तियाक राईले एक महिनाको व्रतपछि शनिबार पर्व मनाइएको बताए।

उनले पर्वको अवसरमा सबैलाई शुभकामना दिँदै इदले विश्व शान्तिको कामना गर्न सकोस् भने। उनले अल्लाहसँग प्रार्थना गरेर मुलुक र आमनागरिकको सुख र समृद्धिको कामना गरेको भन्दै सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीलाई शुभकामना प्रदान गरे। नेपालगञ्ज-१७ परस्पर निवासी निजामुद्दिन इद्रिसीले एक महिनाको रोजा बस्नु भनेको प्रत्येक मुशिलम समुदायको कर्तव्य र धर्म हुने उल्लेख गर्दै इद शान्तिको पैगाम भएको बताए। उनले विश्व शान्तिका लागि प्रार्थना गरिएको भन्दै मुशिलम समुदायका लागि विश्वमा कुरान, अजान एकमात्र धर्मग्रन्थ रहेको उल्लेख गरे।

मुशिलम समुदायमा विशेष नमाज पाठ गरेपछि तीन दिनसम्म आफूभन्दा ठूलाबडाकहाँ गएर आशीर्वाद लिने चलन छ। यस पर्वमा आफूभन्दा सानालाई आशीर्वाद दिने गरिन्छ। आशीर्वाद लिन आउने आफन्तलाई सेवइ, खजुरलगायत मिष्ठान्न भोजन गराउने प्रचलनसमेत रहेको छ।

खुसीपूर्वक दानगरी दुःखी तथा गरिबलाई बाँडिने भएकाले यसपर्वलाई इद उल फित्र भनिएको हो। यसबाहेक नेपालगञ्जका अन्य मस्जिद तथा इदगाहमा पनि विशेष नमाज पाठ गरिएको थियो। एक महिनादेखि मुस्लिम समुदायको लामो व्रत (रोजा) सुरु भएको थियो।


## इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला।




मार्का




सम्पर्क: पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोन: ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्टी
नोट: पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ।



## बोलपत्रद्वारा काठ/दाउरा कटान मुछान तथा घाटगद्दी सम्बन्धी सूचना

प्रथम पटक सुचना प्रकाशन मिति: २०८२/१२/०८


यस सामुदायिक वन उपभोक्ता समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/८३ मा पुनरुत्पादन कटान र ढलापडा गरी १२६ गोटा असना, खयर, धौटी लगायतका रुखहरु नियमानुसार छपान भई ४७९८.०४ क्यू फिट काठ र ८.८८ चट्टा दाउरा (कटान पश्चात घटबढ हुन सक्ने) मुल्यांकन भएकोमा उल्लेखित परिमाण घटाघटमा कटान मुछान र घाटगद्दी गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम मुल्य अधिबृद्धि करमा दर्ता भई नविकरण भएका र डिभिजन वन कार्यालयमा सुचिकृत भएका ईच्छुक काष्ठ व्यवसायी, व्यक्ती, संघसंस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१औं दिनभित्र बोलपत्र खरिद गरी २२औं दिनमा अपरान्ह १२:०० बजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत सुचना यस समुहको कार्यालयको सुचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई अनुरोध छ।

**श्री वनशक्ती सामुदायिक वन उपभोक्ता समुह**
राप्ती सोनारी-२, राजपुर, बाँके



## स्वास्थ्य परामर्श तथा उपचार

071-538893
9847352127




पायल्स, फिसर, फिस्टुलाको क्षारशूत्र विधिबाट सफल उपचार

**हाम्रा सेवाहरु**

- यौन चाहाना नहुने, उत्तेजना नहुने
- सिध्र स्खलन हुने
- ग्यास्ट्राइटिस, अलसर, IBS तथा पेट सम्बन्धी रोगहरु
- जोर्नि दुखाई, बाथ, युरिक एसिड बढेको
- पथ्थरी, प्रोस्टेट सुन्निएको रोग
- चाया, पोतो, दाज तथा छाला रोग
- सुगर, प्रेसर, थाइरोइड रोगको उपचार



डा. हेमन्त बन्जाडे
आयुर्वेद चिकित्सक
फो. नं. 9867845678

दैनिक रुपमा चिकित्सकद्वारा स्वास्थ्य सम्बन्धि परामर्श र सम्पुर्ण रोगको सफल उपचार गरिन्छ।

**माता मनकामना आरोग्य केन्द्र**
राजमार्ग चौराहा, बुटवल
ॐ मिष्ठान्नको माथिल्लो तल्ला



## वन डढेलो सम्बन्धी सूचना !

आगो एक असल नोकर हो भने खराब मालिक। आगोको सानो झिल्कोले वन डढेलोको रुप लिन सक्दछ। हाम्रो सानो लापर्वाहीले जनधनको क्षति भई ठूलो बिपत्ती निम्त्याउन सक्दछ। यस हिउँद यामको गर्मी र सुख्खा मौसममा डढेलो लाग्ने धेरै सम्भावना रहन्छ। सुख्खा हावा र हुरीबतासले यसलाई झन् बढाउँछ। आगो लाग्नै नदिनु आगलागी तथा डढेलोबाट बच्ने सर्वोत्तम उपाय हो। त्यसैले सावधान रहौ।

**डढेलो रोकथाम तथा नियन्त्रण गर्ने उपायहरू:**

१) हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं। आगो बाल्दा होसियार रहौं, आगोको काम सकिएपछि राम्ररी निभाऔं।
२) सलाई, लाइटरजस्ता अगो बाल्न प्रयोग हुने वस्तुहरू बालबालिकाहरूबाट टाढा र सुरक्षित स्थानमा राखौं।
३) पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, मट्टीतेल जस्ता प्रज्वलनशील पदार्थहरू सुरक्षित स्थानमा राखौं र होसियारी पूवर्क प्रयोग गरौं।
४) चुरोट, बिडीका बलेका ठुटा जथाभावी नफालौं तथा राँको बालेर नहिँडौं।
५) सल्लाको वन भएको क्षेत्रमा वन डढेलो नियन्त्रण गर्न विशेष ध्यान पुयाऔं।
६) वन क्षेत्रमा मानिसहरू हिँड्ने बाटोको दायँबायाँ तथा घरबारी वरिपरि रहेका सल्लीपिर(कसम) पातपतिर जस्ता सजिलै बल्नसक्ने पदार्थहरूलाई हटाई सफा राखौं।
७) पानीका मुहान, पोखरी, रहको सुरक्षा गरौं। आकस्मिक उपयोगको लागि आफ्नो घरमा पानी जम्मा गरेर राख्ने गरौं।
८) गाउँटोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपद्बाट बचौ र बचाऔं।
९) आगलागी भइहालेमा स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना तथा नजिकको वन कार्यालयमा तुरून्त खबर गरौं। आफ्नो ज्यानको खतरा नहुने गरी वन डढेलो निभाऔं।
(१०) वनमा आगो लगाउनु दण्डनीय अपराध हो। डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानुनी कारबाही गराऔं।

| योगेन्द्र पौडेल | मिना सिंजापति | सिता शर्मा न्यौपाने |
|---|---|---|
| अध्यक्ष | सचिव | कोषाध्यक्ष |

**श्री अमृते सामुदायिक वन उपभोक्ता समूह**
वाणगंगा नपा-९, भर्तापुर, कपिलवस्तु